# द्वन्द्व र युद्धका कथा सङ्ग्रहमा अभिघात

**नरेन्द्र न्यौपाने**

**सार**

*प्रस्तुत लेख द्वन्द्व र युद्धका कथामा प्रयुक्त अभिघात अध्ययनमा केन्द्रित रहेको छ । युद्धकालीन समयका व्यथा, पीडा, भय, त्रास र दुःखका कथालाई समेटेर तयार पारिएको कथा सङ्ग्रह द्वन्द्व र युद्धका कथाका सम्पादक गोविन्दराज भट्टराई र विष्णुविभु घिमिरे हुन् । लेखमा द्वन्द्व र युद्धका कथाको सामान्य परिचय दिई अभिघात सिद्धान्तको मान्यताका आधारमा विश्लेषण गरिएको छ । कथामा प्रयुक्त सन्त्रास, आतङ्क र करुणामय परिवेशलाई शारीरिक, मानसिक र लैङ्गिक अभिघातका रूपमा विभाजन गरी अध्ययन विश्लेषण गरिएको छ । लेखले द्वन्द्व र युद्धका कथामा अभिघात चेतना सशक्त रूपमा रहेको निष्कर्ष निकालेको छ ।*

**शब्दकुञ्जीः** अभिघात, दशा, युद्ध, सन्त्रस्त जीवन, सशस्त्र द्वन्द्व ।

## १. विषय परिचय

'द्वन्द्व र युद्धका कथा' (२०६३) विगत एक दशक (२०५२-२०६२) सम्म चलेको युद्धमा देशले भोगेको दर्दनाक घटनालाई कथाका रूपमा समेटेको कथा सङ्ग्रह हो । गोविन्दराज भट्टराई र विष्णुविभु घिमिरेद्वारा सम्पादित उक्त कथा सङ्ग्रहमा द्वन्द्व र युद्ध भन्नाले सरकार र माओवादी पार्टीबिच भएको दशवर्षे सङ्ग्रामलाई बुझाउँछ। प्रस्तुत सङ्ग्रहमा पच्चिस जना कथाकारका पच्चिसै वटा कथा रहेका छन् । यही द्वन्द्वकालीन समयमा रचिएका प्रस्तुत सङ्ग्रहका कथाले उक्त समयामा गुज्रिएको नेपालको अवस्था र नेपाली जनताले भोगेका दुःख, वेदना, भय, पीडा, आतङ्क र मृत्यूलाई आफ्नो विषयवस्तु बनाएको छ। कथाहरूमा द्वन्द्वकालीन विषयवस्तु रहे तापनि कथाभित्रका कथावस्तु र युद्धलाई हेर्ने दृष्टिकोण भने फरकफरक रहेको छ। समग्रमा हेर्दा प्रस्तुत सङ्ग्रहका कथाले द्वन्द्व र युद्धका कारण व्यक्ति र समाजमा परेका अभिघातलाई साहित्यका माध्यमबाट अभिव्यक्ति गरेको छ। युद्धका कारणले विक्षिप्त बनेकाहरू कहिल्यै निको नहुने मानसिक आघातबाट प्रताडित छन् र यिनै अभिघातका चोट अनि पीडालाई समकालीन कथाकारहरूले आफ्ना कथामा प्रस्तुत गरेका छन् । प्रस्तुत अध्ययनमा यिनै कथालाई अभिघात चेतनाका दृष्टिले अध्ययन विश्लेषण गरिएको छ।

प्राकृतिक वा मानव निर्मित विभिन्न घटना परिघटनाका कारण मानिसमा आउने शारीरिक एवम् मानसिक चोटलाई अभिघात भनिन्छ। साहित्यिक क्षेत्रमा भने मानसिक कमजोरी वा पीडादायी अनुभूतिलाई अभिघात भनिन्छ। त्यस्तै अभिघात समालोचना भन्नाले शारीरिक एवम् मानसिक कष्ठप्रद घटनाले उब्जाएको अवस्थालाई आधार बनाएर गरिने साहित्यिक कृतिको विश्लेषणलाई बुझाउँछ। फ्रायडको मनोविश्लेषण हुँदै भाषा अध्ययन गर्ने नव मनोविश्लेषणवादको आधारमा अभिघात सिद्धान्त स्थापित भएको हो। द्वन्द्व र युद्धका कथा सङ्ग्रहमा सङ्गृहित कथाका पात्रहरूमा देखिएका अभिघातजन्य विविध पक्षहरू पाइने भएकाले यस अध्ययनमा प्रस्तुत कथाहरूलाई अभिघात चेतनाका दृष्टिले व्याख्या विश्लेषण गर्ने प्रयास गरिएको छ।

## २. समस्या र उद्देश्य

द्वन्द्व र युद्धका कथा अभिघात प्रयोगका दृष्टिले सशक्त कथा सङ्ग्रह हो। विषयवस्तुका दृष्टिले प्रत्येक कथाभित्रको कथानक फरक भए तापनि अभिघात चेतना रहेको छ। यस सङ्ग्रहका बारेमा भएका टीका टिप्पणीहरूमा यो कार्य हुन बाँकी नै रहेको अवस्थामा शोधमूलक स्वतन्त्र रूपबाट यसको अध्ययन गर्न' आवश्यक देखिन्छ। यस किसिमको अध्ययनले प्राज्ञिक परम्परामा महत्वपूर्ण उपलब्धी प्रदान गर्न सहयोग गर्ने देखिन्छ। यसर्थ प्रस्तुत सङ्ग्रह द्वन्द्व र युद्धका कथामा के-कस्तो किसिमको अभिघातको प्रयोग भएको छ ? जस्तो प्राज्ञिक जिज्ञासा यस अध्ययनको मूल समस्या हो। यही समस्यामा केन्द्रित रही विवेच्य कथाहरूको अध्ययन विश्लेषण गर्न' यस लेखको मुख्य उद्देश्य रहेको छ।

### ३. अध्ययन विधि

प्रस्तुत अध्ययन कार्यका निम्ति प्राथमिक र द्वितीय स्रोतका सामग्रीहरूको उपयोग गरी तिनको विश्लेषण, व्याख्या र कतिपय सन्दर्भमा निगमनात्मक र आगमनात्मक दुवै विधि उपयोग गरिएको छ। यसका निम्ति प्राथमिक सामग्रीका रूपमा द्वन्द्व र युद्धका कथा रहेको छ। त्यस्तै सैद्धान्तिक अवधारणाका निम्ति अभिघातसँग सम्बन्धित क्याथी क्यारुथ, ज्याक, डेरिडा, जेफ्री हार्टम्यान जस्ता विद्वान्का अभिघात सम्बन्धी मान्यतालाई लिईएको छ। सत्यापनीय विषयलाई पुष्टि गर्नका लागि तत्सम्बन्धी पूर्व अध्ययनलाई द्वितीय सामग्रीको रूपमा उपयोग गरिएको छ। यी प्राथमिक एवम् द्वितीय सामग्रीको स्रोत पुस्तकालय र इन्टरनेट रहेको छ।

### ४. अभिघातको सैद्धान्तिक स्वरूप

सामान्य रूपमा कुनै पनि किसिमका गम्भीर चोटपटकलाई अभिघात भनिन्छ। यस्ता चोटहरू शरीरिक र मानसिक दुई किसिमका हुन्छन्। कुनै पनि घटना वा दुर्घटनामा परेर शारीरिक अङ्ग जस्तैः हात, खुट्टा, टाउको, घाटी आदिमा परेको चोटलाई शारीरिक अभिघात भनिन्छ भने मानवीय वा प्राकृतिक विविध घटनाका कारण पर्न जाने मानसिक चोटलाई मनोवैज्ञानिक वा मानसिक अभिघात भनिन्छ। यस्तो पहिलो वा शारीरिक चोट बाह्य साधन अथवा शस्त्रका कारण हुन्छ भने दास्रो वा मनोवैज्ञानिक चोट तिनै शारीरिक चोट वा अन्य विविध समस्याका कारण मानसिक तनाव तथा अनुभूतिका कारण हुन जान्छ। यसरी प्राकृतिक वा मानव निर्मित जेसुकै घटनाका कारण देखापर्ने शारीरिक र मानसिक अभिघात दीर्घकालीन र घातक असरका रूपमा देखिन्छन् (गिरी, २०७५ः३०)। यस्ता अभिघातजन्य विषयवस्तु साहित्यक क्षेत्रमा पनि प्रयोग भएको पाइन्छ जसलाई अभिघात साहित्य भनिन्छ। यही साहित्यको अध्ययन गर्ने सिद्धान्तलाई अभिघात सिद्धान्त भनिन्छ।

'घात' शब्दमा 'अभि'उपसर्ग लागेर बनेको अभिघात शब्दलाई समालोचनाको क्षेत्रमा घात, व्याघात, आघात, साङ्घात जस्ता शब्दको प्रयोग भएको पाइन्छ। जसलाई अङ्ग्रेजीमा ट्रमा  भनिन्छ। अभिघात शब्दको प्रथम प्रयोग स्वास्थ्य उपचारको क्रममा चिकित्सक क्षेत्रमा भई क्रमशः मनोविज्ञान, सामाजिकशास्त्र, राजनीतिकशास्त्र हुँदै साहित्यको क्षेत्रमा प्रवेश गरेको हो (कोफ, सन् २००८ः४३)। साहित्यमा अन्तर विषय अध्ययनको वस्तु बनेर विश्व साहित्यको उत्तर आधुनिकतावादी चिन्तन परम्परामा साहित्य विश्लेेषणको छुट्टै सिद्धान्तको रूपमा अभिघात सिद्धान्त स्थापित भएको हो। साहित्यको क्षेत्रमा अभिघातको प्रयोग छुट्टै सिद्धान्तका रूपमा सन् १९७५ पछिका वर्षहरूमा हुन थालेको हो (सुवेदी, २०७३ः४८)। सुरुमा शारीरिक क्षति वा चोटपटकलाई जनाउने ट्रमा (अभिघात) उत्तरआधुनिक समयमा आएर साहित्य विश्लेषणको एउटा नौलो आयाम बन्न पुग्यो। जब शारीरिक रोग वा चोटलाई मात्र अभिघात नभनी स्नायविक, मानसिक तथा संवेगात्मक असरलाई समेत ट्रमा भनिन थालियो तब ट्रमाको अर्थ कठिन वा गाह्रो रोग अझैं साङ्घातिक मानसिक असरका रूपमा बुझिन थालियो। यस अन्तर्गत निन्द्रा नलाग्ने, मनारोगी, यौनदुराचारी लगायत अन्य निको हुन गाह्रो हुने रोगहरू पर्दछन् (भट्टराई, २०६४ः२२९)। जसको मुख्य कारणको रूपमा युद्ध र द्वन्द्व हुनजान्छ। यही युद्धका कारण समाजमा हिंसा, त्रास, भय र करुणा जस्ता साङ्घातिक समस्याले वर्तमान विश्व अनेक प्रकारका अभिघातले आक्रान्त भएको छ। जसको अभिव्यक्ति साहित्यमा भएको हुन्छ। खासगरी मान्छे वा समाजले भोगेका शारीरिक तथा मानसिक अभिघात, आतङ्कमय परिवेशको प्रस्तुति अभिघात साहित्यले चित्रण गर्दछ। दोस्रो विश्वयुद्धले उत्पन्न गरेका आत्महत्या, पीडा र त्यसबाट बाँचेका मान्छेको अवस्थाको चित्रणको क्रममा अभिघात सिद्धान्तको आधारभूमि निर्माण भएको हो। खासगरी सन् १९९६ को क्याथी क्यारुथको 'ग्लअबिष्भम भहउभचष्भलअभस त्चबगझब, ल्बचचबतष्खभ बलम ज्ष्कतयचथ' नामक कृतिबाट अभिघात सिद्धान्तको आधारशीला खडा भएको हो भन्न सकिन्छ। त्यही ९० को दशकमा जेफ्री हार्टम्यान, सोसना फेलमेन आदि विद्वानूहरूले यस सिद्धान्तको विकास गरेका थिए। ट्रमा शब्दको प्रयोगलाई हेर्ने हो भने सन् १६९३ बाट चिकित्सा क्षेत्रमा ग्रीक भाषाबाट आएको हो। प्रारम्भिक अवस्थामा शारीरिक र त्यसपछि मानसिक चोटको रूपमा लिन थालियो। विशेषगरी युद्ध पश्चात ट्रमा मनोचिकित्स, मनोविश्लेषण र समाजशास्त्रको क्षेत्रमा प्रयोग भयो। त्यसैगरी फ्राएडले

Received : October 2020

Accepted : December 2020

मानवमनको विश्लेषण गर्ने क्रममा अझै नव मनोविश्लेषणवादी धारणाका रूपमा ट्रमा शब्दलाई साहित्यको फाटमा एउटा नौलो उत्तर आधुनिकतावादी सिद्धान्तका रूपमा स्थापना गरेको पाइन्छ ।

अभिघातका स्रोत प्राकृतिक र मानव निर्मित गरी मुख्य दुई प्रकारका छन् । प्राकृतिक प्रक्रिया प्रतिकूल भई जस्तै बाढी, पहिरो, ज्वालामुखी जस्ता प्रकोपले उत्पन्न हुने घटनाहरू प्राकृतिक स्रोतमा पर्दछन् भने मानव आफैंले आफ्नो वा अरूको विरुद्ध घटाएका घटना वा कुकार्य मानव निर्मित स्रोत अन्तर्गत पर्दछन् । यसरी समग्रमा भन्दा व्यक्तिको जीवन र समाजमा घटेका विभिन्न घटनाका भोक्ता, द्रष्टा र कर्ताका जीवनका हरेक पक्षमा पीडादायी चोट पुगेको हुन्छ । यिनै घटनालाई अभिघातको स्रोतका रूपमा लिन सकिन्छ ।

उल्लिखित अभिघातका विभिन्न स्रोतबाट विभिन्न किसिमका अभिघातको निर्माण भएको हुन्छ। खासगरी अभिघातका प्रकारमा विद्वानूहरूको एकमत पाइदैंन । अभिघात सिर्जना गर्ने स्रोत, विभिन्न घटना तत्ववा सैद्धान्तिक बहसका आधारमा अभिघातका प्रकार छुट्याइएको पाइन्छ। संसारमा पहिलो र दोस्रो विश्वयुद्धले जन्माएको आन्तरिक संवेगका चोट, नरसंहार, आत्महत्या आदिका माध्यमबाट सांस्कृतिक, लैंगिक, धार्मिक र सामाजिक जस्ता अभिघात प्रकट भएका छन् (सुवेदी, २०७३ः५१) । अभिघात युद्धको प्रकृति र यसले ल्याएका अवस्थाका आधारमा अभिघातका प्रकार छुट्टिने कुरा यस भनाइबाट पनि प्रष्ट हुन जान्छ। यी बाहेक राष्ट्रिय, अन्तर्राष्ट्रिय, वैयक्तिक, ऐतिहासिक, राजनीतिक, प्राथमिक, द्वितीय, मनोवैज्ञानिक, शारीरिक जस्ता विभिन्न किसिमका अभिघात उल्लेख गरेको पाइन्छ। प्रस्तुत अध्ययनमा सङ्गृहित द्वन्द्व र युद्धका कथामा अभिव्यक्त शारीरिक, मानसिक र लैङ्गिक अभिघातलाई अध्ययन तथा विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## ५. द्वन्द्व र युद्धका कथा सङ्ग्रहमा अभिघात

आधुनिक नेपाली साहित्यको थालनी विश्व साहित्यको तुलनामा निकै पछि भएतापनि छोटो समयमै विश्व परिवेशको मूल्य, मान्यता र सिद्धान्त हासिल गरेको छ। त्यसैगरी नयाँनयाँ विषयवस्तु, प्रवृत्ति, धार र दर्शन पनि नेपाली साहित्यको क्षेत्रमा भित्रिएका छन् । त्यति मात्र नभएर एउटै धार वा प्रवृत्तिका साहित्यिक विधागत सङ्ग्रह पनि प्रकाशित हुन थालेको साक्ष्यको रूपमा 'द्वन्द्व र युद्धका कथा' सङ्ग्रहलाई लिन सकिन्छ। गोविन्दराज भट्टराई र विष्णुविभु घिमिरेद्वारा सम्पादित प्रस्तुत कथा सङ्ग्रहमा पच्चीस जना कथाकारका पच्चीसै वटा कथा रहेका छन् । सबै कथाले दशवर्षे युद्धकालीन समयमा समग्र नेपाल र नेपालीले भोगेका पीडा, दुःख, भय र मृत्युलाई आफ्नो विषय बनाएका छन् । सम्पादक भट्टराईले कथा सङ्ग्रहको भूमिकामा लेखेको "द्वन्द्व र युद्धका कथा नेपाली साहित्यमा पहिलो सङ्ग्रह हो । यसले विगतको एक दशक भित्र यो देशले भोगेका दुर्दान्त घटनाहरूलाई कथाका रूपमा समेटेको छ" भन्ने भनाइले यस कुरालाई पुष्टि गरेको छ। माओवादी जनयुद्धको आरम्भ देखि अन्त्यसम्म देशमा अनेक अप्रिय घटना घटे । कति जनताहरूले ज्यानै गुमाउनु पऱ्यो । प्रस्तुत सङ्ग्रहमा यही देश र जनताले भोगेको पराकाष्ठा, आतङ्क, गरिबी, हिंसा, हत्या, बलात्कार जस्ता साङ्घातिक पूर्ण घटनालाई समग्र कथामा अभिघातका स्रोतका रूपमा लिइएको छ।

### ५.१ शारीरिक अभिघात

द्वन्द्व र युद्धका कथा सङ्ग्रहमा सङ्गृहित कथाले द्वन्द्वकालीन समयका राजनीतिक द्वन्द्व र युद्धले उत्पन्न गरेका शारीरिक यातनालाई विषय बनाएको छ। धेरैजसो कथामा बम, बन्दुक, गोली, लठ्ठी, अश्रुग्यास जस्ता हतियारको प्रयोग गरी शारीरिक अङ्गहरू गुमाएको, भाँचिएको, मृत्यु समेत भएको कुरा अभिव्यक्ति पाइन्छ। नेपाली जनताले युद्धको समयमा पाएको शारीरिक कष्ट वा अभिघातका पक्षलाई सूक्ष्म तरिकाले चित्रण गर्न सक्नु यस सङ्ग्रहका कथाको मूल प्रवित्तिका रूपमा लिन सकिन्छ। दुवै पक्षबाट गरेका साङ्घातिक हमला र आक्रमणका कारण उत्पन्न भएको शारीरिक अभिघातको चित्रण अधिकांश कथामा पाइन्छ। यस किसिमको अभिघातपूर्ण साक्ष्यको रूपमा तल प्रस्तुत गरिन्छ ः

१. खुर्पा भुइँमा खस्यो। यतिन्जेल सम्म पछिल्लोले बिर्खबहादुरको घाँटी कसाइँले राँगो-बोको रेटेझैं रेटेर टाउको छुट्याइसकेको थियो। मझेरीमा रगतको ताल बनिसकेको थियो। दोस्रो चाहिँले दिलमायालाई जकडेर विवश तुल्याएर भित्तामा अँचटेको थियो। (ती दुई निर्दोष आँखाहरू, पृ. २२)

२. एक्कासी उसको स्वाँस्वाँ मुटु फुट्ला जस्तो गरी बेसरी बढ्छ, तर पनि उसले आफ्ना जीउले ढाकेर तोपको मुखबन्द गर्छ। त्यसैबेला तोप ठूलो स्वर गरेर पड्किन्छ र त्यसका मुखबाट आगाको मुस्लो बाहिर निस्किन्छ। मुस्लासँगै मोको शरीर मासुका चोक्टाहरूमा टुक्रिएर वातावरणमा छरिन्छ। तिनै चोक्टामध्ये मुस्लो सहितको एउटा ठूलो चोक्टो हुनहुनाउँदै आएर राका पोल्टामा खस्छ। (एउटी रा, एउटा मो, पृ. ३६)

३. सिपाहीहरू पनि जुलुसमा मानिसहरूको उर्लदो वेग देखेर आतङ्कित भइसकेका थिए। तिनीहरूले एकैपटक जुलुसमा सयौं राउन्ड अश्रुग्याँस र गोली बर्साए। गोली र अश्रुग्याँसको प्रहारले जुलुसमा फेरि भागदौड मच्चियो। कोही गोलीलागेर भुइँमा ढले भने कोही घाइते बनेर छटपटाउन थाले। घाइतेहरूको करुण चित्कारले त्यहाँको वातावरण वीभत्स र मर्माहत भयो।

(सिपाही र सालिक, पृ. १८८)

माथिका साक्ष्यमा प्रयोग गरिएका कथांशले तत्कालीन नेपाली समुदायका हरेक वर्गले भोग्नु परेका शारीरिक अभिघातलाई व्यक्त गरेका छन्। यस्ता किसिमका साक्ष्य सङ्ग्रहित प्रायः सबै कथामा उपलब्ध छन्। युद्धकालीन समयमा विभिन्न हत्या र हिंसाका कारण क्षेद-विक्षेद भएको मानवीय शरीरको अभिघातलाई व्यक्त गरेको छ।

साक्ष्य एकमा विद्रोही विर्खबहादुरलाई ज्यानै जाने गरी साङ्घातिक रूपमा उसको शरीर छिनालेको र उसको परिवारको बलात्कार समेत गरेको वीभत्स अवस्थालाई देखाएको छ। त्यस्तै गरी दोस्रो साक्ष्यमा बम विष्फोटमा परी मासुका चोक्टा-चोक्टा भएको अर्को वीभत्स शारीरिक अभिघातलाई देखाएको छ। त्यसै गरी तेस्रो साक्ष्यमा जनताहरूको हुलमा गोली र अश्रुग्यास बर्साइ रोडमा जनता सोतर र कठोरपूर्ण चोटले मर्माहित भएको अवस्थालाई देखाएको छ।

प्रस्तुत साक्ष्यमा विद्रोही पक्ष र सरकार वा सुरक्षा दुवै पक्षबाट सर्वसाधारण जनतालाई शारीरिक अभिघातपूर्ण अवस्थामा पुऱ्याएको कारुणिक पक्षलाई व्यक्त गरिएको छ। यसरी जनताको स्वतन्त्रता वा नैसर्गिक अधिकार माथि विद्रोही एवम् सुरक्षाकर्मी दुवै पक्षले धावा बोलेको यथार्थलाई कथाले मार्मिक वा अभिघातपूर्ण शैलीबाट अभिव्यक्त गरेको पाइन्छ।

### ५.२ मननोवैज्ञानिक अभिघात

द्वन्द्व र युद्धका कथा सङ्ग्रहका कथाहरूले तत् समयावधिको वेदनापूर्ण वातावरणले मानसिक असर वा पीडालाई अभिव्यक्त गरेका छन्। राज्य पक्ष, विद्रोही पक्ष तथा सर्वसाधारण तीनै पक्षमा त्रास, भय र शङ्काले मानसिक तनावमा रहेका वा मनोरोगी बन्न पुगेको अवस्थालाई कथाले समेटेका छन्। द्वन्द्वले मानिसमा मनोवैज्ञानिक असन्तुलन, पलायनवादी सोच, आत्म विश्वासको कमी ल्याएको कुरालाई कथामा प्रतिविम्बन गरिएको पाइन्छ। युद्धको बेलामा युद्धरत दुवै पक्ष तथा उनका परिवारमा देखिएको चिन्ता, पीडा, निराशा र विक्षिप्तता जस्ता मनोवैज्ञानिक असरहरू द्वन्द्व र युद्धका कथाले छताछुल्ल देखाएका कारण यी कथामा मनोवैज्ञानिक अभिघात रहेको पाइन्छ। यस्ता उदाहरण यसप्रकार छन् :

१. मलाई थाहाछैन इन्सपेक्टर साहेब ! म जिउँदो छु कि मुर्दा। अनायस बिउँझन्छु- अनायस बाथरुम जान्छु, अनायस नुहाउँछु। अनायस खाना खान्छु। चामल खाँदै छु कि ढुङ्गा ! के थाहा ! कुनै रोबट जस्तो वापुतली जस्तो। आफैँलाई आफूसँग विश्वास नगरेर पनि बाँचिदो रहेछ।

-(सीताहरू-२३, पृ. ४३)

२. उसले बच्चालाई समातेर आफ्नो काखमा लिनखोज्यो, तर अहँ उसले त्यो बच्चोलाई छुनसम्म सकेन । सिपाहीको शरीर दाउराझैँ भयो । अनि उसले थाहा पायो ओहो ऊ त मुर्दा पो भैसकेको रहेछ । मुर्दाले हातगोडा चलाउन सक्दो रहेनछ । आमाछोरा दुवै चिहिरीचिहिरी रुँदै थिए । एउटा हुलले तिनीहरूलाई त्यहाबाट लतारेर पर लग्यो । हेर्दाहेर्दै त्यहीँनिर मृत सिपाहीको लागि चिता तयार भयो । मृत सिपाहीलाई चिता माथि राखियो । पण्डितले चिताको लासमाथि घिउतेल खन्याएर र मन्त्र भट्भट्याउन थाले । अनि दागबत्ती दिनुअघि आकाश छेड्दै अन्तिम सलामीको विगुल जोडले बज्यो । बिगुलको आवाजले सिपाही झस्कियो । ओहो ! यो त सपना पो रहेछ । पर खोलातिर स्याल ह्वाँ-ह्वाँगरी कराउँदै थिए ।

(आकाश अझै धुम्म थियो पृः१५३)

३.जीवनमा एउटा चरासमेत नमारेको जितबहादुरले मान्छे मार्ने बन्दुक बोक्यो र लाग्यो अँध्यारो जङ्गलको यात्रातिर । तीनवर्ष मानसिक चेतना गुमाएको जितबहादुरले दस वर्ष अँध्यारोको यात्रा गऱ्यो । यो अँध्यारो यात्रामा जितबहादुर स्वयम्लाई थाहा छैन, उसले कति मानव चेतनाको हत्या गऱ्यो । त्यसमा कति आफन्त परे… कति निर्दोष र अन्जान थिए, कुनै लेखाजोखा छैन । पोसाकको एकरुपताले झुक्किएर कति पटक उसले आफ्नाहरू माथि नै गोली चलायो । कैयौँ मन्दिरहरू भत्कायो, संस्कार र संस्कृति-भञ्जन गऱ्यो…! उसले कहिले आफू हिडेको बाटो फर्केर हेरेन । हुनसक्छ, सोच्ने र गम्ने अवसर नै मिलेन ।

(रित्तो, पृ. १७८)

प्रस्तुत साक्ष्यमा युद्धावस्थामा भएको मनोवैज्ञानिक अभिघातको अभिव्यक्ति पाइन्छ । कसैका आफन्त मरेर, अपहरित भएर, क्षतविक्षत भएको मानसिकतालाई कथामा यथार्थ रूपबाट उतारेको पाइन्छ भने कसैको प्रतिद्वन्द्वी शत्रुको डर र त्रासले मानसिक ह्रास आएको कुरालाई कथामा चर्चा गरेको पाइन्छ । माथिको साक्ष्य एकमा सीता जस्ता नेपाली महिला वर्गले भोगेको पीडालाई व्यक्त गरेको छ । सीता अपहरण गरेको लोग्नेको तीन वर्षसम्म पनि केही खबर नआउँदा र छोराछोरी लिएर बाच्न बाध्य भएकी सीताको मानसिक अभिघातलाई कथाले व्यक्त, गर्न खोजेको छ । ऊ श्रीमानको अपहरणपश्चात् आहत भएर न सुत्न सक्छ न निदाउन । ऊ हरेक सभा र ठाउँहरूमा श्रीमान्को बाटो हेर्दाहेर्दै बेहोस हुन पुग्छ । आफैं के गर्छे ऊ स्वयमलाई थाहा हुदैंन ।

त्यसैगरी अर्को साक्ष्यमा विद्रोही पक्षको आतङ्कबाट मानसिक ह्रास भएका सुरक्षाकर्मीको कारुणिक मानसिक आघातलाई व्यक्त गरिएको छ । आफ्नो बस्ने चौकी नै छोडेर अन्त्य शरण लिन पुगेको सुरक्षाकर्मीको राति राति निन्द्रामा पनि बर्बराउने र आफू मरेको सपना देख्न पुग्ने मानसिक ह्रासको अभिव्यक्ति यी कथाहरूमा व्यक्त गरेका छन् । यस्तो अवस्था तत्कालीन समयको नेपाली समाजको यथार्थ अवस्था भएको र जसलाई कथामा टपक्कै टिपी कथाकारले राखेका छन् । त्यसैगरी तेस्रो साक्ष्यमा अभिव्यक्त मानसिक अभिघात आफूले गरेको कार्यबाट पश्चाताप पूर्ण मानसिक असर परेको देखाइएको छ । आफ्ना घर सेनाले तहसनहस पारेको आभाष गरी ऊ बन्दुक बोक्छ र ऊ हरेक कुकर्म गर्न पुग्छ । तर ऊ पूर्ण मानसिक विक्षिप्त नभएपनि पछि दशवर्षे युद्ध पश्चात् आफूले गरेका कार्यले पश्चाताप र पीडाबोध गर्न पुगी मनोवैज्ञानिक अभिघात भोग्न पुगेको कुरा कथामा खुलाइएको छ । ऊ आफूले धेरैको ज्यान लिएको संस्कारलाई बिगारेको आदि मानसिक पीडाले लडाइमा मर्न जबरजस्ती अगाडि लाग्ने गरेको देखाइएको छ । यसरी कथामा सत्तापक्ष, प्रतिपक्ष र सामान्य वर्गमा हरेक कारण मानसिक घात प्रतिघात आएको देखाउन खाजिएको छ ।

**५.३ लैंगिक अभिघात**

लैङ्गिक विभेदका कारण उत्पन्न अभिघात लैङ्गिक अभिघात हो । पुरुष प्रधान संस्कृतियुक्त समाजमा महिला माथि हरेक शोषण दमन गरी दिइने तनाव र दवावबाट लैङ्गिक विभेद हुन जान्छ । पुरुषले महिला माथि हिंसा जहिल्यै गरेको हुन्छ

Received : October 2020  Accepted : December 2020

त्यसैमा पनि युद्धकालीन समयमा महिला हिंसा, बलात्कार र हत्या धेरै भएको पाइएको यथार्थ अभिव्यक्तिलाई द्वन्द्व र युद्धका कथासङ्ग्रहका कथाले जस्ताको त्यस्तै अभिव्यक्त गरेको पाइन्छ। सशस्त्र द्वन्द्वका समयमा महिला माथि सरकार तथा विद्रोही पक्षबाट भएको हिंसाले महिला माथि शारीरिक एवम् मानसिक अभिघातको विकास चरम रूपले भएको यथार्थ कुरालाई प्रस्तुत कथामा व्यक्त गरिएको छ। निम्न अधिक अवस्थामा एक्लो र निमुखोपनको फाइदा उठाएर किशोरी, युवती र प्रौढ माथि सबै पक्षबाट यातना दिइएको विषयलाई पनि कथामा चित्रण गरिएको छ। जस्तै :

१. केही दिन पछि चेउँकी एउटा मारवाडीसित काठमाडौं गएकी, त्यसकी श्रीमतीले कुटेपछि एउटा क्याबिन रेष्टुराँमा रक्सी बेच्ने काम गरेकी, फेरि झापामा बार चलाउने एक जना खत्रीसँग हिँडेकी र गर्भवती समेत भएपछि मधेसेसित भागेको सम्म मात्र आमाले थाहा पाउनु भयो। अहिले त्यो कहाँ छे, मरी कि बाँचेकी छ ?आमालाई पनि केही थाहा छैन। (लाँकुरी फेरि फुल्ने फुल्ने छ, पृ. ५५)

२. यसो भन्दै एउटाले निरमायाको फरियाको सप्को उनको मुखमा कोच्तै उनलाई भुँइमा लडायो र अर्कोले उनलाई नङ्ग्याएर बलात्कार गर्‍यो। ती दुई आततायीले जथाभावी उनको शरीर सित खेलेर त्यहाँबाट कुलेलम ठोके। उनको स्त्रीत्व माथि जथाभावी अतिक्रमण हुँदा पनि रातको सन्नाटाको आढ्ने ओढेर सुतिरहेका गाउँलेहरूले केही सुइँको पाएनन्। उनको आत्माबाट निस्केको हृदय विदारक पुकारलाई कसैले सुनेनन्। अरुको त के कुरा, माथि चोटामा सुतिरहेका उनका बूढा ससुरा पनि सुनेको नसुनेझैँ गरी ओछ्यानमा गुँडुल्किरहे। (हिंसाको मौनता, पृ ७३)

३. तर उसले गर्न'पर्ने क्रान्ति अलि बेग्लै खालको रहेछ। उसले खासमा क्रान्ति गर्नका लागि बन्दुक समात्नु पर्ने होइन रहेछ। उसले त अरूको भोक मेटाइदिन जाने मात्र पुग्दो रहेछ। खाली पेट र खाली मनले मान्छेले युद्ध गर्न सक्दैन रे, त्यसैले आफ्ना योद्धाहरूको पेटको तृप्तिको लागि उनीहरूको भान्सा बस्नुपर्‍यो। त्यसै गरी उनीहरूको शरीरको तृप्तिको लागि पनि उसले उनीहरूको ओछ्यान-ओछ्यानमा पस्नुपर्‍यो। (विप्लवी, पृ. १२७)

उल्लिखित साक्ष्यमा महिला भएकै कारणले उनीहरू माथि त्यो पनि युद्धरत समयमा युद्ध र द्वन्द्वको फइदा लिई महिला माथि गरिएका विभिन्न दुरव्यवहारलाई अभिघातको रूपमा व्यक्त गरिएको छ। प्रथम साक्ष्यमा माओवादी द्वन्द्वकालमा प्रत्येक घरबाट एक जना युद्ध लड्न जानैपर्ने बाध्यतालाई बुझेकी चेउँकिकी आमा छोरीलाई नारायणगढको होटलमा काममा लगाउँछे। त्यहाँबाट काठमाडौं पुग्छे। यसरी माओवादीमा गएपछि इज्जत र ज्यान दुवै खतरा रहने भनेर चेउँकिको आमाले छोरीलाई जबरजस्ती घर छोडी सहर ल्याउछे। त्यहीँ ऊ बलात्कार हुन पुग्छे। त्यहाँको वातावरणले र घर एक्कासी छोड्नुपर्ने कारणले चेउँकि मर्न समेत कोशिष गर्छे। यसरी महिलाका बाध्यकारी पीडाका अभिघात यस कथामा अभिव्यक्त भएको छ। त्यस्तै गरी दोस्रो साक्ष्यमा पनि सुरक्षाकर्मीले गाउँमा गएर विद्रोही पक्षका घरका महिला पात्रलाई दुःख दिएको र बलात्कार गरेको र विद्रोही पक्षले सुरक्षाकर्मीको घरमा गई महिला माथि दुःख दिएको र बलात्कार गरेको कारुणिक अभिघातलाई देखाएको छ। कथाकी पात्र विष्णुमाया, रमणिया, लक्खी देवी मलख र बुढीआमै जस्ता पात्रहरू सशस्त्र द्वन्द्वका समयमा घटेका घटनाहरूबाट पीडित पात्रहरू हुन्। श्रीमानको बेपत्ता पछि शोकाकुल अभिघातबाट पीडित कथाकी अर्की पात्र निरमाया पनि विद्रोही समूहका दुई पुरुषबाट बलात्कारको सिकार बनेकी छ। त्यति मात्र होइन कथाकी अर्की पात्र पवन कलीलाई घरबाट दिनै लछार्दै मकै बारीमा बलात्कार गरिन्छ। यसरी द्वन्द्वका कारण महिलाहरूले भोगेका पीडा र नारी भएकै कारण भएको दुर्दान्त घटना यस कथामा अभिव्यक्त भएको छ।

दिइएका साक्ष्यमध्ये तेस्रो साक्ष्यमा पनि महिलालाई जबरजस्ती अपहरण शैलीमा युद्धमा संलग्न गराएको र त्यसमा संलग्न भइसकेपछि भान्से बनाउने, आफ्नो यौन भोक मेटाउने भाडोको रूपमा महिलालाई बनाएको जसको कारण ऊ शारीरिक

तथा मानसिक पीडाले त्रसित भएको कुरालाई कथामा अभिव्यक्त गरिएको छ। ऊ गाउँ घरको याद र त्यहाँको पीडाको कारण भक्कानो फुटाएर रुन बाध्य भएको अभिघातपूर्ण पक्षलाई मार्मिक रूपमा व्यक्त गरेको पाइन्छ। समग्रमा द्वन्द्व र युद्धका कथा सङ्ग्रहमा शारीरिक, मानसिक र लैङ्गिक अभिघात चेतना सल्बलाएको छ।

### ५.४ सन्त्रास, कारुणिक एवम् आताङ्कमय परिवेश

प्रस्तुत 'द्वन्द्व र युद्धका कथा' सङ्ग्रहमा द्वन्द्वको परिवेशबाट राष्ट्र, समाज र व्यक्ति व्यक्तिमा फैलिएको सन्त्रास, आतङ्कमय र कारुणिक वातावरणको चित्रण गरेको पाइन्छ। युद्धको अनुभव स्वयम् लिएका कथाकारहरूले नेपाली समाजमा हत्या, हिंसा, मारकाट जस्ता यावत् अप्रिय घटनाहरूको यथार्थ प्रस्तुति गरेका छन्। कुनै कथामा डरलाग्दा दोहोरो भिडन्तको कारण भएका मृत्यु, भागाभागको परिवेश चित्रण गरेको छ भने कतिपय कथामा अपहरण, बलात्कार, अङ्गभङ्ग जस्ता घटनाको प्रस्तुति पाइन्छ। सङ्ग्रहका सम्पादक गोविन्दराज भट्टराईले सङ्ग्रहको भूमिकामा नै कथा सन्त्रास, कारुणिक र आतङ्कमय कथावस्तु वा कथानकको परिवेशका आधारमा सङ्गृहित कथालाई सातवटा भागमा बाँड्न सकिने दृष्टिकोण राखेका छन्।

'द्वन्द्व र युद्धका कथामा सङ्गृहीत कथामा सन्त्रासपूर्ण वातावरण भएका कथामा देशमा जनयुद्ध सुरु भएको लगत्तै विभिन्न किसिमको अपराध, लुटपाट, अन्याय, जनता माथिको दोहोरो शासन प्रणाली आदिलाई देखाउनु प्रमुख लक्ष्य थियो। त्यसैगरी सर्वसाधारणलाई युद्धरत दुवै पक्षबाट सुराकी र सघाएको आरोपको सिकार हुनुपर्ने भय कथामा अभिव्यक्त भएको पाइन्छ। सङ्ग्रहीत कथा मध्ये 'दुई निर्दोष आँखाहरू कथाको तलको साक्ष्यले यही कुराको पुष्टि गर्दछ।

> के गर्न' अब। घाँटीमा घँटेसी बनाएर झुन्ड्याएर हिँड्नु भएन। छोडिदिने यतिकै। भोलि बिहान कसैले आएर देख्लान्। अनि कोही नातेदार भए जिम्मा लाइदेलान्, नभए कुनै टुहुराहरूको बालघरमा लगेर राखिदेलान्, हिँड। अर्कोले भन्यो र दुवै त्यहाँबाट निस्केर अँध्यारोको खोकिलामा हराए।
>
> (ती दुई निर्दोष आँखाहरू, पृ. २४)

यसरी कथामा एक जना निर्दोष पात्र विर्खेलाई स्वास्नी र छोराको सामुन्ने घाँटी रेट्छन्। स्वास्नीको बलात्कार पश्चात् मारेर त्यो नाबालक निर्दोष बच्चालाई त्यत्तिकै छोडेको प्रसङ्गमा माथिको साक्ष्य आएको हो।

कथा सङ्ग्रहमा नेपाली निम्न वर्ग जो बिहान बेलुका काम नगरे हातमुख जोड्न पाउदैनन् तिनीहरूको काम खोसिएपछि उनीहरू भोक र प्यासले तड्पिदै मर्न पुगेका कारुणिक अवस्थालाई विषयवस्तु बनाएका कथा पनि छन्। 'एउटी रा एउटा मो' कर्फ्यु अज्ञात शहिद जस्ता कथाहरूमा यही कारुणिक अवस्थाको चित्रण पाइन्छ। त्यसैगरी कतिपय कथामा रात्री समयमा परिवारसँग सुतिरहेको, खाना खाइरहेको जुनसुकै समयमा पनि अनयास पक्रिएको, पिटिएको, मारिएको जस्ता आतङ्ककमय परिवेशलाई कारुणिक ढङ्गले प्रस्तुत गरिएको छ।

जस्तैः

> अपराह्नको एउटा खास समय भन्नु पऱ्यो। अगिको युवकको टाउका माथि एक्कासी कसैले लट्ठी हान्यो। युवक ढल्यो। केही मानिस जम्मा हुनु स्वभाविक थियो। अलिक अचम्म लाग्दो कुरो के थियो भने त्यहाँ युद्ध पनि भइरहेको थिएन। युद्ध केही पर्तिर भइरहेको थियो र एकान्त जस्तै थियो। त्यहाँ त्यो दुर्घटना भएको थियो। (निष्कर्ष पृः४९)

यहाँ हिडिरहेको युवकको टाउकामा एकै चोटी लठ्ठी बज्रन्छ। युवक ढल्छ। खासै मान्छेको पनि त्यहाँ भीड हुदैंन। तर यो अनयास किन कसरी भयो न त कारण छ न त यसको खोजिनीति र उपचार छ। यस्ता अनयास घटनाले कथा मार्मिक भएको छ।

समग्रमा द्वन्द्व र युद्धका कथा सङ्ग्रहमा द्वन्द्वकालीन परिवेशमा नेपाली जनताले भोग्नु परेको सन्त्रासपूर्ण घटना र तिनका

जीवनमा आइपरेका कारुणिक पक्षलाई अभिव्यक्त गरिएको छ। आफ्नै अगाडि आफ्नो परिवारको हत्या, अपहरण, बलात्कार जस्ता अपराधिक कार्य राज्य र विद्रोही दुवै पक्षबाट भएको सन्त्रास एवम् कारुणिक अवस्थालाई चित्रण गरिएको छ। द्वन्द्वका कारण मानिस विस्थापित भएका, घरआँगन खाली रहेका, बम बारुदले मानिस तर्सिएको भयावह स्थितिको चित्रण पाइन्छ।

## ६. निष्कर्ष

प्रस्तुत द्वन्द्व र युद्धका कथामा विगतको युद्धकालीन एक दशक भित्र देशले भोगेका त्रासदायी घटनालाई मुख्य विषय वस्तु बनाएको छ। सङ्ग्रहमा युद्धरत पक्षप्रति र राज्यप्रति सापेक्ष, निरपेक्ष र मौन रही लेखिएका सबै प्रकारका कथा रहेका छन्। विशेष गरी सरकार र विद्रोही पक्ष दुवैको आलोचना गरेपनि पीडित सर्वसाधारण वर्गप्रति साहनुभूति देखाइएका कथा अधिक मात्रामा रहेका छन्। कथामा प्रस्तुत भएका विषयवस्तु सूक्ष्म रूपमा हेर्दा युद्धकालीन समय र परिवेशसँग सम्बन्धित देखिन्छन्। यसो भनिरहदा सबै कथा एउटै प्रकृतिका छन् भनेको होइन। कथामा प्रस्तुत भएको कथानक, कथाकारको युद्धलाई हेर्ने दृष्टि प्रत्येक कथा भित्र भिन्नभिन्न रहेको छ। कथाको समग्र परिवेश द्वन्द्वकालीन कुरुपताको भए ता पनि कथाकारका सुन्दर कलात्मक शैलीले कथा रोचक देखिन पुगेका छन्। कथाले युद्धमा संहार गरेको मानव वस्ती र चोटैचोटले विक्षिप्त बनेका मनका पीडा एवम् अनुभूतिलाई व्यक्त गरिएको हुँदा यी कथामा अभिघात चेतना अभि व्यञ्जित भएको छ। प्रत्येक कथामा द्वन्द्वकालीन सन्त्रास, आतङ्कमय वातावरणले सर्वसाधारणले भोग्नुपरेका दशा, पीडा, अवसाद, दुःख, वेदना, भय, आतङ्क र मृत्युलाई अभिघातपूर्ण शैलीका माध्यमबाट अभिव्यक्त गरिएको छ। प्रस्तुत सङ्ग्रमा सङ्ग्रहित कथाको मुख्य प्रवृत्ति भनेकै द्वन्द्व र युद्धको परिणाम स्वरूप सिर्जना भएको शारीरिक, मानसिक तथा लैङ्गिक अभिघातलाई चित्रण गर्न' रहेको छ।

## सन्दर्भसूची


अधिकारी, ज्ञानु (२०७५). द्वन्द्वकालीन नेपाली कवितामा अभिघात, **वाङ्मय**, वर्ष २०७५ अङ्क १६) पृ. ४६-५५।

गिरी, शान्तिमाया (२०७५), **आधुनिक नेपाली कथामा अभिघात,** काठमाडौंः शिखर समुद्र अफसेट ।

गौतम, लक्ष्मणप्रसाद (२०६६), **नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना** काठमाडौं ः ओरिन्टल पब्लिकेशन।

पाण्डेय, ताराकान्त (२०७६), अनुसन्धान मूलक लेखनको संरचना, **प्रज्ञा** (वर्ष ११८ अङ्क २)।

बस्याल, बिन्दु (२०७१), महिला कथाकारका द्वन्द्व कथामा अभिघात, अप्रकाशित दर्शनाचार्य शोध प्रबन्ध, त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग।

भट्टराई, गोविन्दराज (२०६४), **उत्तर आधुनिक विमर्श** काठमाडौंः मोडर्न बुक्स।

भट्टराई, गोविन्दराज र विष्णुविभु घिमिरे (२०६३सम्पा). **द्वन्द्व र युद्धका कथा.** काठमाडौं

शर्मा, मोहनराज (२०६६), **आधुनिक तथा उत्तर आधुनिक पाठ मैत्री समालोचना**, कीर्तिपुरः क्वेस्ट पब्लिकेशन।

सुवेदी, राजेन्द्र र लक्ष्मणप्रसाद गौतम (२०६८सम्पा) रत्न बृहत नेपाली समालोचना, सैद्धान्तिक खण्ड काठमाडौं ः रत्न पुस्तक भण्डार २०६८।